आज मिति २०८० मंसिर २४ गते आइतबारका दिन बागचौर नगरपालिका सल्यानका नगर प्रमुख श्री जनकराज गौतमज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक बस्यो । बैठकको उपस्थिति र निर्णय देहाय बमोजिम छ :-

उपस्थिति

| | |
|---|---|
| श्री जनकराज गौतम | नगर प्रमुख |
| श्री सुम्निमा डि.सि. वली | उप-प्रमुख |
| श्री गंगाराम बस्नेत | १ नं. वडा अध्यक्ष |
| श्री दिपेश डि.सी | २ नं. वडा अध्यक्ष |
| श्री भीम प्रकाश भण्डारी | ३ नं. वडा अध्यक्ष |
| श्री कृष्ण बहादुर बस्नेत | ४ नं. वडा अध्यक्ष |
| श्री जोगेन्द्र वली | ५ नं. वडा अध्यक्ष |
| श्री ज्ञान बहादुर वली | ६ नं. वडा अध्यक्ष |
| श्री प्रेम बहादुर डि.सी. | ७ नं. वडा अध्यक्ष |
| श्री शुसिल जंग चन्द | ८ नं. वडा अध्यक्ष |
| श्री यज्ञ बहादुर डाँगी | ९ नं. वडा अध्यक्ष |
| श्री ज्ञान प्रसास शर्मा धिताल | १० नं. वडा अध्यक्ष |
| श्री केश बहादुर भण्डारी | ११ नं. वडा अध्यक्ष |
| श्री टीकाराम वली | १२ नं. वडा अध्यक्ष |
| श्री रोजी बुढाथोकी | कार्यपालिका सदस्य |
| श्री ढाँका कुमारी वली डि.सी. | कार्यपालिका सदस्य |
| श्री रीता दमाई | कार्यपालिका सदस्य |
| श्री सीता शर्मा | कार्यपालिका सदस्य |
| श्री रेखा कुमारी डाँगी खत्री | कार्यपालिका सदस्य |
| श्री दिपक बि.क. | कार्यपालिका सदस्य |
| श्री रेशम बि.क. | कार्यपालिका सदस्य |
| श्री टिकाराम बि.क. | कार्यपालिका सदस्य |
| श्री अनन्त कुमार गौतम | प्रमुख प्रशासकीय अधिकृत सदस्य सचिव |

आमन्त्रित

CS CamScanner

**कार्यपालिका बैठक नं. २१ मिति २०८०।०८।२४ ( आ.व. २०८०।०८१)**

**प्रस्तावहरुः**

१) भुकम्पबाट प्रभावितको राहत सम्बन्धमा ।

२) वडा नं. ७ को भवन निर्माण सम्बन्धमा ।

३) नगर प्रहरी पदपुर्ती समावेशी गर्ने सम्बन्धमा ।

४) कर्मचारीको जिम्मेवारी तथा म्याद थप सम्बन्धमा ।

५) साथी समुह स्वयंसेवक परिचालन सम्बन्धमा ।

६) निर्माण कार्यको बजेट व्यवस्थापन सम्बन्धमा ।

७) सडक वत्तीको लागि स्थान एकिन गर्ने सम्बन्धमा ।

८) आर्थिक सहायता सम्बन्धमा ।

९) विविध

**निर्णयहरुः**

**निर्णय नं. १ः** मिति २०८०।०७।१७ गते जाजरकोट जिल्लालाई केन्द्र बिन्दु बनाई गएको भुकम्पका कारण यस पालिका पनि प्रभावित भएकोले प्रभावित क्षेत्रमा उद्दार राहत लगायतका कार्य गर्न कर्णाली प्रदेश सरकारबाट वित्तिय हस्तान्तरणको रुपमा प्राप्त रु. ५ लाखबाट ब्लाँकेट खरिद गरी प्रभावित व्यक्तिहरुलाई उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. २ः** बागचौर नगरपालिका वडा न. ७ को वडा कार्यालय भवन निर्माणका लागि बोलपत्र आह्वान गरिएकोमा वडा कार्यालयको आवश्यकतालाई मध्यनजर गरी स्वीकृत लागत अनुमान भन्दा केहि थप काम गर्नु पर्ने देखिएकोले निर्माण कम्पनि संग गरिएको सम्झौता भन्दा थप कार्य हुन गएकोले थप हुन गएको कार्यलाई समेत समावेश गरी भरियसन गर्नेपर्ने देखिएकोले मिति २०८०।०८।०५ गतेको भेरियसन आदेश समितिको बैठकको निर्णय अनुसार उक्त कार्यका लागि सार्वजनिक खरीद नियमावली २०६४ को नियम ११८ को उपनियम २ बमोजिम सम्झौता मुल्यको १३.३७ प्रतिशत भेरीयसन आदेशलाई स्वीकृत गर्ने निर्णय गरियो । साथै भरियसन आदेश अनुसार सम्झौता रकमभन्दा बढी भएको रकम भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ३ः** बागचौर नगरपालिका नगर कार्यपालिकाको कार्यालय बागचौरको मिति २०८०।०७।०१ गते प्रकाशित विज्ञापन अनुसार नगर प्रहरी पदको पदपुर्तिका लागि खुलातर्फ मात्र विज्ञापन हुन गएकोमा बागचौर नगरपालिकाको नगर प्रहरी ऐन, २०७९ को दफा ८ को उपदफा २ बमोजिम नगर प्रहरी सेवालाई समावेशी बनाउन विज्ञापन गरिएका पदहरुमा खुला तर्फ आवेदन दिएका उम्मेद्वारहरुको आवेदनलाई

जनकराज गौतम
नगर प्रमुख

अनन्त कुमार गौतम
प्रमुख प्रशासकीय अधिकृत

यथावत राखि निजहरुले समावेशी पदहरुमा पुनः आवेदन दिन चाहेमा थप दस्तुर बुझाइ आवेदन दिन सकिने र अन्य उम्मेद्वारहरुले समावेशी पदहरुमा मात्र दरखास्त दिन सक्ने गरी पुनः १५ दिने सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४:** बागचौर नगरपालिकामा करार सेवामा कार्यरत तपसिल बमोजिमका कर्मचारीहरुको नागरिकहरुबाट प्राप्त जनगुनासो, निजहरुको कार्यसम्पादन सन्तोषजनक नभएको साथै नगरपालिकाको आवश्यकताको आधारमा यहि मिति २०८० साल मंसिर मसान्त पश्चात निजहरुको करार म्याद थप नगर्ने निर्णय गरियो ।

तपसिल

| | |
|---|---|
| १) नरिभान बि.क. | सव-ईन्जिनियर |
| २) खकेन्द्र वली | सव-ईन्जिनियर (जलवायु अनुकुलन कार्यक्रम) |
| ३) प्रेम कवर | प्राविधिक सहायक ( प्रधानमन्त्री रोजगार कार्यक्रम) |
| ४) कमला डि.सी. भण्डारी | माली |
| ५) बिमला भण्डारी | का.स. |

**निर्णय नं. ५:** बागचौर नगरपालिका र सी.एम.सी. नेपालको समन्वयमा सञ्चालित प्रवासी कामदार र उनका परिवारको मानसिक स्वास्थ्य तथा मनोसामाजिक सू-स्वास्थ्य प्रवर्द्धन परियोजना कार्यक्रम हाल वडा नं. २ मा मात्र कार्यान्वयनमा रहेकोमा उक्त कार्यक्रम अन्य वडाहरुमा पनि विस्तार गर्ने साथै सो कार्यक्रमका लागि आवश्यक पर्ने ४ जना साथी समुह स्वंयसेववक परिचालन गर्ने र निजहरुलाई प्रति महिना रु.१५ हजार उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ६:** चालु आ.व. २०८०।०८१ को बजेट तथा कार्यक्रममा वडा नं. ८ अन्तर्गत पर्ने सवै सडक मर्मत, वडा नं. ५ मा रहेको प्रहरी चौकीको फिल्ड निर्माण, रारेचौर धारापानी सडक निर्माण र तल्लो धारापानी देखि हरियाली प्रा.वि जोड्ने बाटो निर्माणका लागि बजेट बिनियोजन नभएकोमा उक्त वडाका सडकहरु तथा अन्य निर्माण कार्यका लागि आवश्यक पर्ने बजेट आ.व. २०८०।०८१ को रातो किताबको म्याचिङ् फण्ड शिर्षकबाट खर्च हुने गरी रकमान्तर गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७:** खानेपानी सिँचाई तथा उर्जा विकास कार्यालय सल्यानको च.नं.१११ मिति २०८०।०८।२० को बागचौर नगरपालिकामा सडक बत्ती जडान गर्न स्थान एकिन गरिदिने भनि प्राप्त पत्रानुसार बागचौर नगरपालिकको कालाखेत, थारमारे, बागचौर, खरिबोट, रारेचौर, बांगेलाखुरी, पेदिखोला र झिमखोली बजार क्षेत्रमा सडक बत्ती जडान गरिदिनका लागि खानेपानी सिँचाई तथा उर्जा विकास कार्यालय सल्यानलाई सिफारिस गर्ने निर्णय गरियो ।

जनकराज गौतम
नगर प्रमुख

अनन्त कुमार गौतम
प्रमुख प्रशासकीय अधिकृत

जनकराज गौतम
नगर प्रमुख

जनन्त कुमार गौतम
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ८ः** यस बागचौर नगरपालिका अन्तर्गत विभिन्न वडा कार्यालयबाट सिफारिस भइ आएका तपसिल बमोजिमका व्यक्तिहरुलाई देहाय बमोजिमको आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

| क्र.स. | नाम थर | वडा नं. | कारण | सहायता रकम रु. |
|---|---|---|---|---|
| १ | दिपा खत्री | वडा नं. ८ | पारीवारिक अवस्था कमजोर | १५ हजार |
| २ | श्रेक्ष कुमारी खड्का | वडा नं. ७ | बिरामी उपचार खर्च | १५ हजार |
| ३ | मिना वली | वडा नं. ६ | भुकम्पबाट प्रभावित | १५ हजार |
| ४ | तिलसरा कुमारी के.सी. | वडा नं. ११ | जेसिबिले गाइबस्तु तथामा चोटपटक | १० हजार |
| ५ | भुमा कुमारी वली डाँगी | वडा नं. २ | पोष्टमार्टम खर्च | २५ हजार |
| ६ | गोबिन्द सुनार | वडा नं. १० | उपचार खर्च (बाचुन्जेल उपचार गर्नुपर्ने अवस्था) | २५ हजार |
| ७ | मिना नेपाली परियार | वडा नं. ३ | आर्थिक अवस्था कमजोर | २० हजार |
| ८ | गंगा डाँगी | वडा नं. २ | आर्थिक अवस्था कमजोर | १५ हजार |
| ९ | प्रतिभा वली | वडा नं ५ | आर्थिक अवस्था कमजोर | १५ हजार |

**निर्णय नं. ९ः** भुमिहिन दलित, भुमिहिन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरुलाई जग्गा उपलब्ध गराउने पर्योजनार्थ संकलित तथ्याङ्कको प्रविष्टी लगायतका कार्यलाई यथाशिघ्र अगाडी बढाउने र सो को लागि आवश्यक पर्ने जनशक्ति व्यवस्थापन राष्ट्रिय भुमी आयोगको परामर्शमा यथाशिघ्र सम्पन्न गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. १०ः** बागचौर नगरपालिका भित्र रहेका सामुदायिक विद्यालयहरुमा अध्ययनरत प्रतिभावान विद्यार्थिहरुको खेल प्रतिभालाई उजागर गरि पालिकाबाट सक्षम र उत्कृष्ट खेलाडी निर्माण गर्न बागचौर नगरपालिका वडा नं. ४ निबासी श्री दिपक कुमार पुनलाई नगर स्तरीय खेल प्रशिक्षक नियुक्ति गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ११ः** बागचौर नगरपालिका वडा नं. २ मा पर्ने थारमारे बजार क्याम्पस सडक खण्डको कालोपत्रेको लागि सडक डिभिजन दाङ मार्फत बोलपत्र आह्वान भैसकेकोले उक्त सडक खण्डको क्षेत्राधिकार भित्र पर्ने घर टहरा लगायतका संरचणाहरु यथाशिघ्र हटाउने / हटाउन लगाउने सर्वसम्मत निर्णय गरियो ।

जनकराज गौतम
नगर प्रमुख

जनन्त कुमार गौतम
प्रमुख प्रशासकीय अधिकृत

CamScanner